३१औं

आज मिति २०७६ साल जेठ ५ गते विहान ७ : ४५ वजे यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कमलप्रसाद पौडेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान ब० डाँगी, लेखा अधिकृत
श्री पिताम्बर पौडेल, प्रशासकीय अधिकृत
श्री शिशिर कुमार खड्का, योजना तथा अनुगमन अधिकृत
श्री गजेन्द्र जि.सी. शाखा अधिकृत शिक्षा, युवा तथा खेलकुद शाखा
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत
श्री निजय कुमार खत्री, इन्जिनियर
श्री कुल बहादुर खड्का, ना.सु.
श्री वीर बहादुर चुनारा, सरसफाईकर्मी

Scanned by CamScanner

**प्रस्ताव नं. १ : शिक्षा विकास कोष तथा संचालन व्यवस्थापन कार्यविधि, २०७६ सम्बन्धमा।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको शिक्षा विकास कोष तथा संचालन व्यवस्थापन कार्यविधि, २०७६ माथी दफावार रुपमा छलफल गर्दा आवश्यक संशोधनसहित स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २ : बसपार्क भोगाधिकार सम्बन्धमा।**

निर्णय नं. २ : प्रस्तुत विषयमा यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ स्थित पूर्वमा सडक कार्यालयका नाममा कम्पाउन्ड भएको जग्गा, पश्चिम रत्न राजमार्ग, उत्तर छिन्चु जाजरकोट सडक र दक्षिण सडक कायार्यलयको नाममा कम्पाउन्डको सार्वजनिक सरकारी जग्गा करिब ४३ रोपनी (२.१५ हेक्टर) जग्गामा प्रस्तावित बसपार्क निर्माण कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं......., मिति २०७६।...।.....पत्र बमोजिम स्वीकृत भईसकेको तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) नगरपालिकाबाट स्वीकृत भईसकेको उक्त जग्गाको ९९ बर्षको भोगाधिकारका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : माग गर्ने सम्बन्धमा।**

निर्णय नं. ३ : प्रस्तुत विषयमा यस भेरीगंगा नगरपालिकामा कार्यरत अस्थायी महिला शिक्षक दरबन्दी विगत २०५१ सालदेखी कार्यरत रहेकोमा हाल परियोजना नामाकरण गरी दरबन्दी खारेज गरिएकोमा नेपाल सरकारले आ.व. २०७४।०७५ देखि साधारण दरबन्दी कायम गरेकोले सो दरबन्दी सम्बन्धित विद्यालयका लागि माग गर्न शिक्षा विकास तथा समन्वय इकाई सुर्खेतलाई आवश्यक पत्राचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ : भेरीगंगा १२ छिन्चुमा १५ शैयाको प्राथमिक अस्पतालको भवन निर्माण तथा जग्गा भोगाधिकार सम्बन्धमा।**

निर्णय नं. ४ : प्रस्तुत विषयमा यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ मा रहेको स्वास्थ्य चौकी छिन्चुलाई १५ शैयाको प्राथमिक अस्पतालको रुपमा विकास गर्नका लागि संघीय सरकारबाट एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत स्वीकृत भईसकेकोले पूर्वमा छिन्चु जाजरकोट सडक, पश्चिम कृष्ण बहादुर शाहीको जग्गा, उत्तरमा नगरपालिका हुँदै छिन्चु जाजरकोट जाने सडक, दक्षिणमा नगरपालिका कार्यालय भवन र जग्गा क्षेत्रको १४ रोपनी मध्ये हाल १ रोपनी जग्गा स्वास्थ्य चौकी छिन्चुकै नाममा दर्ता श्रेस्ता कायम रहेकोले बाँकी १३ रोपनी सरकारी सार्वजनिक जग्गा सोही १५ शैयाको प्राथमिक अस्पतालकै लागि ९९ बर्षको भोगाधिकारको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो। साथै उक्त भवन निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभाग (स्वास्थ्य वभन शाखा) मा अनुरोध गर्ने निर्णय गरियो।

Scanned by CamScanner